# ११ अम्मलबाट स्वतन्त्रता

***यस अध्यायको निम्ति पढ्नुहोस्:*** हितोपदेश २३:२९-३५, १ कोरन्थी ७:२-५, मत्ती २५:१५-२०, मर्कूस १९:१७-२७, १ पत्रुस ३:३,४

***स्मरण गर्नुपर्ने पद:*** "त्यसकारण यदि मानिसको पुत्रले तिमीलाई स्वतन्त्र गरायौ भने तिमी साँच्चिकै स्वतन्त्र हुनेछौ।"(यूहन्ना ८:३६ रूपान्तरित)।

बर्तमान शताव्धीमा धेरै देश तथा मानिसहरू राजनैतिक दासत्वबाट फुत्केको पाएकाछौं। तर यस संसारमा अर्को खालको स्वामी छ जसले मानिसलाई दास बनाउँछन् र त्यो राजनैतिक दासत्वभन्दा धेरै चर्को र निष्ठुर हुन्छन्। ती हुन्: रासयनीक तत्वहरू- जाँड-रक्सी, चुरोट-पान, खैनी तथा अन्य लागु औषधी तथा अरु पदार्थहरू हुन्। यसले करोडौं मानिसहरुलाई दासबनाएर दृष्य वा अदृष्य रूपमा सिक्रीले बाँडिराखेका छन्। मानिसहरू गैर-लागु औषधीहरूमा पनि अचम्म तरिकाले फसेर जानी-नजानी तिनीहरूको चक्रव्युहमा पर्न दिनदिनै मानिसहरू बढिरहेकाछन्। ती हुन्: यौन, अश्लिल फिल्म तथा पत्र-पत्रिकाहरू, जुवा तास, बिना सोच पैसाको लगानी गर्नु, मेरै पैसा त हो नी भनेर आफ्नो स्वार्थलाई मात्र पोस्न जथाभावी पैसा खर्च गर्नु आदि।

सबै कुलत वा अम्मलले मानिसहरूलाई त्यसैमाथि भरपर्न उक्साइरहेका हुन्छन्। प्रत्येक पल्ट जब मानिसले अलिकति लागु औषधी चाहे त्यो खैनी वा चुरोट नै कुन नहुन् अर्को पल्ट तलतल मार्न अझ धेरै लिन चाहेको हुन्छ। त्यसैकारण दुर्व्यसनमा लागेका मानिसहरू त्यसको धरापबाट छुटकारा पाउन अत्यन्त मुश्किल भएको अनुभव गर्दछन्। मानिसलाई रासायनीक पदार्थमा भर पर्ने कुलतबाट जोगाउन वा राहत दिन परिवार, चर्च र मित्रहरूको आड चाहिन्छ। त्यस्ता मानिसहरूलाई कुलतबाट छुटाउन पेशागत मानिसहरूको सहायता पनि लिनुपर्दछ। तर जुनसुकै कुलत वा रासायनीयक अम्मलको भरबाट

स्वतन्त्र भएर अर्थपूर्ण जीवन बिताउन परमेश्वरको शक्तिको खाँचो हुन्छ। येशू प्रभुमा त्यो शक्ति उपलव्ध छ यदि तिनीहरूले आफ्ना जीवनमा उहाँलाई काम गर्न दिएर उहाँले प्रतिज्ञा गर्नुभएको स्वतन्त्रतामा रहन राजी हुन्छ भने।

## १. जाँड-रक्सी वा मद्यपान (हितोपदेश २३:२९-३५

आजको सभ्यतामा चाहे त्यो पाश्चात्य नै किन नहोस् वा पूर्विय नै, जाँड, रक्सी र अरू अलकोहल मद्यपान (जसमा धेरै वा थोरै रक्सी मिसाएको हुन्छ) विभिन्न स्मरणीय घट्नाहरूमा उपयोग गरेका हुन्छन्। जस्तैः खुशीयाली मनाउने समय, बिदाको समय, धार्मिक रितीरिवाजमा, चाडपर्वमा, र अन्य ब्यापारिक कारोबारमा। बिभिन्न विज्ञापनहरूले पनि जाँड-रक्सी खानेको अनुहार सफा र सुन्दर देखाएर त्यसको सेवन गर्न मानिसहरूलाई आकर्षित पारिरहेका हुन्छन्। समाजमा यसको उपयोग गर्न मान्यता नै पाएको हुन्छ, त्यत्तिमात्र होइन कतिपय समयमा यसको आवश्यकता नै भएको महशूस गरिएको हुन्छ। तर दुःखपूर्ण कुरो त यो छ, प्रत्येक मद्यपानको अन्धकार पक्ष हुन्छ जसलाई बेच्ने तथा उत्पादन गर्ने मानिसहरूले ग्राहकहरूलाई खुलासा गर्न चाहन्दैनन्। यसबाट कस्तो पारिवारिक र व्यक्तिगतरूपमा कस्तो दुर्गती ल्याउँछ भन्ने कुरा पैसाको लागि अरूको ज्यानलाई हत्केलामा राख्ने व्यापारीहरूले थाहा पाएको चाहन्दैनन्।

जाँड-रक्सीको भयङ्कर परिणाम के हुन्छ भनेर बाइबलले स्पष्ट गरेको छ। हेर्नुहोस्ः हितोपदेश २३:२९-३५। मानिसहरूको जीवनमा यस विषादी पदार्थले नाश गरेको के तपाईंले देख्नुभएको छ?

बोटलमा रहेको रक्सीले सर्प जस्तै डस्छ र गोमन सर्पको बिषले जस्तै काम गर्छ भनेर दिएको चित्रण रक्सीको खिलाफमा अत्यन्त प्रभावशाली मान्नुपर्दछ। रक्सीमा भएको रासायनीक पदार्थले शरीरमा रक्सीले खानेकुरा होइन तर बिषले जस्तै काम गर्दछ। यो पिएर पेटमा त झर्छ तर यसको बिष रगतमार्फत मगज, फोक्सो, मृगौला र मुटुमा तुरन्तै पुऱ्याउँछन्। यसले गर्दा कलेजोले बढि काम गर्नुपर्ने हुन्छ। रक्सीलाई शरीरबाट निकाल्न र त्यसमा रहेको विषलाई हटाउन कलेजोले बढी काम गर्नुपर्दा कलेजोलाई नै कमजोर बनाउँछन्। जब

धेरै समय निरन्तर रूपमा रक्सी खान्छन् त शरीरका कतिपय अङ्गहरू शिथिल बनाउँछन्। अनि विस्तारै रक्सी पिउने मानिस गम्भिर रोगको शिकार हुनजान्छन्।

रक्सी पिउने व्यक्तिगतलाई मात्र होइन वस्तुगत वा अरूलाई पनि असर पार्ने कुरा अत्यन्त दुःखद कुरा हो। सामाजिक रूपमा यसको भयङ्कर परिणाम भएको पाउँछौं। सँसारका मोटर दुर्घट्ना र काममा हुने दुर्घटनामा आदिजसो रक्सीकै कारणले हुन्छ। धेरै अपराधहरू रक्सीकै प्रभावमा गरेका हुन्छन्। रक्सीले गर्दा समस्याहुनेहरूको स्वास्थ उपचारको निम्ति सार्वजनिक वा निजी कोषहरू प्रयोग गरेका हुन्छन्। घरमा त झन के भनौं। श्रीमती र बालबालिकाहरू जँड्याहा बाबुका मौखिक र शारीरिक दुर्व्यवहारका शिकार भइरहेका त साधारण नै माने पनि हुन्छ। श्रीमती वा आमाले पनि रक्सीको सेवनले गर्दा आफ्ना श्रीमान र छोराछोरीहरू कष्टको भुमरीमा परिरहेकाछन्।

मद्यपान र अरू लागु पदार्थले मानिसको उचित निर्णय गर्ने शक्तिलाई ऱ्हास वा कमजोर बनाउँछन्। यहि विविध मद्यपानको प्रभावमा मानिसहरू पापको भडखालोमा गहिरिन्दै गहिरिन्दै गइरहेकाहुन्छन्।

जो मानिस जुनसुकै रासायनीक तथा लागु औषधीको दुर्व्यसनमा भर पर्दछ, त्यसले आफ्नो समस्यालाई बुझ्नुपर्दछ र परमेश्वरको सहायताको आवश्यकताको चाहना गर्नुपर्दछ। परमेश्वरको अनुग्रहको साथै तिनीहरूलाई परिवार र सरोकार राख्ने चर्च समूदायको सहायताको आवश्यक हुन्छ। शरीरमा भएका बिष निकाल्न जान्ने मानिसहरूको मद्दत पनि आवश्यक हुन्छ। तिनीहरू तालिम पाएका स्वास्थकर्मी र चिकित्सकहरू हुन्।

हामी सेभेन्थ-डे एडभेन्टिस्टको हैशियतले मद्यपान बिरुद्ध अत्यन्त बलियो भएर उभिन्छौं। हामीहरूको बिचमा वा समाजमा यस मद्यपानसँग संघर्ष गरिरहनेहरूलाई दोषीका पात्र बनाएर न्याय गर्नुको सट्टा त्यसबाट राहत दिन कसरी एकजुट हुनसक्छौं?

## २. कामवासना (हितोपदेश ५:१८:१९)

वैवाहिक जीवनमा आनन्द र त्यस दाम्पत्य जीवनलाई बलियो बनाउने रतीक्रियाको बारेमा बाइबलले भन्दछ, हेर्नुहोस्ः हितोपदेश ५:१८,१९ र १ कोरन्थी ७:२-५?

परमेश्वरले मानिसको आनन्दको लागि दिनुभएको धेरै बरदानहरूमा यौनक्रिडा पनि एक हुन्। बालबालिका जन्माउन, आनन्द मनाउन, नजिक हुन र पवित्र वैवाहिक गठवन्धनमा नर र नारीलाई एक सुत्रमा वाँधी राख्न परमेश्वरकै योजना मुताविक यौनक्रिडा दिनुभएको हो (उत्पत्ति १:२७, २८, १ कोरन्थी ७:२)। जब परमेश्वरको उद्देष्य बिपरित यौनलाई परिचालन गर्दछन् भने त्यो पाप हुन्छ। यसले प्रायजसो भयानक परिणाम ल्याउँदछन् (१ कोरन्थी ६:१८,१९)। यौन दुराचारले मानव परिवारमा कस्तो भयानक परिणाम ल्याउँछन् भन्ने कुरा केवल परमेश्वरलाई मात्र थाहा छ।

सम्भोग गर्ने चाहना मानिसमा भएको अत्यन्त बलियो चाहना हो र यसले कतिपय समय यसको दुरव्यवहार गर्न सजिलो हुनसक्छ। जब मानिसको दिमागमा यौनको भावनाले नाच्न थाल्यो भने त्यसबाट निस्कन सजिलो हुँदैन किनभने उसको दिमागलाई त्यहि भावनाले नियन्त्रण गरेको हुन्छ। जब एक फेर अनियन्त्रित हुन्छ त यसलाई फेरि नियन्त्रणमा ल्याउने धेरै गाऱ्हो हुन्छ। फेरि जत्ति यसले मानिसलाई नियन्त्रण गऱ्यो त्यत्ति बढि यसको चँगुलमा मानिस पर्न चाहन्छ किनभने यो बिना त्यो मानिस संतुष्ट हुँदैन।

बेश्यावृती र परपुरुष तथा परस्त्रीगमनले मानिसलाई अशुद्ध यौनक्रिडामा धकेल्छन् र यो पनि अम्मल नै हुनसक्छ (हितोपदेश ५:३-१४, ९:१३-१८ पढ्नुहोस्।)। आजभोली व्यक्तिगत रूपमै संसर्ग नगरी अर्कै किसिमले पनि यौन कुलतमा मानिस लाग्न सक्छन्।जस्तैः अश्लिल पत्रिका, फिलिम र साईबर सेक्स अर्थात् कम्प्युटर इन्टरनेट हेरेर शारीरिक अभिलाषा तार्ने। इन्टरनेट अश्लिल चित्रले मानिसको जीवनमा तहस नहस पारिरहेकाछन्। अलिकती माउसलाई क्लिक गर्दा अश्वस्थ, अश्लिल र अशोभनिय यौनक्रिडा हाम्रा घर र काम गर्ने कार्यालयहरूमा आक्रमण गर्नसक्छन्। यो अम्मल जस्तै हुनसक्छ, नभै नहुने चाहना, बैवाहिक र पारिवारिक सम्वन्धलाई नाश पार्न यसले

प्रमूख भूमिका खेल्न सक्दछ। यौन इच्छा पूरा गर्नेको नाउँमा परपुरुष र परस्त्रीगमन गर्नाले संसारमा कति हानी पुऱ्याइरहेको छ। त्यसको लेखाजोखा गर्न अमम्भव नै छ।

यौन अशूद्धता सुरू गर्न सजिलो छ। जो मानिस यसको धरापमा परेको छ त्यसमा नपर्न नै बुद्धिमता हुन्छ। जब पवित्र बैवाहिक सम्वन्धभन्दा बाहिर कामबासनाको प्रलोभनको सामना गर्नुपऱ्यो भने हामीले पनि युशूफको निति अपनाउनु जरूरी छ भनेर सम्झनु पर्दछ। हेर्नुहोस्ः उत्पत्ति ३९:७-१२।

जो कोहि यस यौनको अम्मलका धरापमा लागेका मानिसहरू स्वतन्त्र हुन चाहन्छ भने उसलाई पूर्ण क्षमा दिन र त्यसबाट मुक्त गर्न परमेश्वर राजी हुनुहुन्छ। उहाँमा समर्पित हुनु नितान्त आवश्यक छ (याकूब ४:७)। तर यो अम्मल अत्यन्त जबर पनि हुनसक्छ, यसको लागि पेशागत मानिसहरूको सहयोगको आवश्यकता पनि हुनसक्छ। टेवा दिने समूहले परमेश्वरलाई देखाएर त्यस कुलताबाट राहत लिन खोज्नु अत्यन्त असल स्रोत हो। अनि जान्ने स्वास्थ तथा मनोवैज्ञानिककर्मीहरूको सहायताले त्यस समस्याको समाधान खोज्नु पनि उचितै हुन्छ।

कसैले परमेश्वरबाट क्षमा र सुस्वास्थ्यको निम्ति चाहना गर्छ भने तपाईंले त्यसलाई कसरी सहायता गर्नसक्नुहुन्छ? मानौं तपाईं पनि यसैमा संघर्ष गरिरहनुभएको छ। तपाईं बिचलन हुनुभएन वा आशारहित हुनुभएन भने तपाईंको अन्त्य भएको छैन भनेर कसरी आशालाई पल्हाउन दिने? येशूले क्षमा दिनुहुन्छ र निको पनि पार्नुहुन्छ।

## ३. जुवा-तास (मत्ती २५:१५-३०)

जुवा नै नखेल्नु भनेर बाइबलले स्पष्ट रूपमा भनेको हामी पाउँदैनौं। तर हाम्रा अनुकरणीय उदाहरणहरू येशू र साथै उहाँका प्रखर भक्त पावल भएको हुनाले, उनीहरूले जुवातास खेल्ने ठाँउमा गएर रमाइलो गरे भन्ने कुरो सोच्न पनि सक्दैनौं, सक्छौं र?

फेरि त्यसै वखत रूपियाँ पैसाको प्रेममा नफस भनेर पावलले चेतावनी पनि दिएकोमा उनले के भन्न खोजेको होला भन्ने कुरामा अनुमान त पक्कै गर्नसक्छौं। पैसाको मायामोह नै दुष्ट र खराबको जड

हो भनेर उनले भनेकाछन्। पैसाकै लोभमा परेर येशूका धेरै विश्वासीहरूले विश्वास गुमाए भनेर पनि उनले भनेकाछन् (१ तिमोथी ६:१०)। धेरै धनको लोभमा परेर कति मानिसहरू जुवातास तथा क्यासिनोको धरापमा पारेर सैतानले तिनीहरूलाई नाश गरिरहेकाछन्।

जुवातास खेल्ने समस्याबाट राहत पाउन मत्ती २५:१५-३०मा उल्लेखित येशूको शिक्षाले कसरी मद्दत गर्न सक्छ? यो पनि थाहा पाउनुहोस् की जुवा खेलेर धेरै मानिसहरू कङ्गाल भएका छन्।

झट्ट हेर्दा आकर्षित भएतापनि जुवाले मानिसलाई फायदा गर्दैन। जुवातास खेलाउने व्यापारीहरू अत्यन्त धनी हुन्छन् किनभने तिनीहरू अरूको हारमा रमाइलोसँग पौडि खेलिरहेकाहुन्छन्। चिट्ठामा मानिसहरूले धेरै पैसा लगानी गर्छन् तर जित्ने संभावना कत्तिको हुन्छ र? बरू आकासको बज्र परेर हाम्रो टाउकोमा पर्ने सम्भावना बढि होला, चिट्ठा जुवा खेलेर जित्ने सम्भावना अत्यन्त न्युन नै हुन्छ।

पैसालाई जुवामा नफसाउनु भनेर स्वविवेकले नै सजग गराएको हुन्छ। (जुवाखेलाउने क्यासिनो जस्ता व्यवसायहरू त्यसबेला सफल हुन्छन् जब तपाईंले आफ्नो पैसा गुमाउनुहुन्छ)। तै पनि मानिसहरूले कौडिमार्न हट्दैनन्। सुरूमा मजाको लागि हुन्छ त त्यसले बिस्तारै कतिपयलाई फसाएको हुन्छ।

किन त? भन्दा मानिसहरू आफू महान हुन चाहन्छन्। आत्मगौरबको निम्ति पैसा खर्च गर्न चाहन्छन्। यहि नै मूल कारण हो। कतिपय मानिसहरू जुवातास खेलेर धेरै धनकमाउने सपना देखेका हुन्छन्। जब तिनीहरू पहिला जित्दैनन् त पछि जित्ला भनेर आशा गरेका हुन्छन्। यसले गर्दा तिनीहरू जुवातास खेलेको खेलै गर्दछन्। जब तिनीहरूको पैसा सबै सिद्धिन्छन् त तिनीहरूले पैसा सापत लिन्छन्, झुठमूठ बोल्छन् र कहिलेकाहिँ चोर्दछन् पनि ताकि तिनीहरू यस अपराध अम्मललाई मेटाउन सकोस्।

हाम्रो चर्चमा त यस्तो जुवा खेल्ने चलन छैन भनेर हामी भन्छौं होला। एलेन जी ह्वाइटले उहाँको समयमा यसको बारेमा लेख्नुभएको थियो। किनभने त्यसबेला पनि कतिपय विश्वासीहरू यस अम्मलका शिकार भएका थिए। आज कुनै न कुनै नाउँमा जुवा खेल्ने चलन

जतातत‌ै छन्। आजभोली कम्प्युटरबाट पनि जुवा खेलेर हाम्रै घरमा जुवाको अड्डा खडा गर्नसक्छौं।

जुवा खेल्ने रोगबाट निको हुन धेरै कदमहरू चाल्नुपर्दछ। प्रथमतः तपाईंमा जुवा खेल्ने कुलत छ भनेर स्विकार गर्नुपर्छ र यो गम्भिर समस्या हो भनेर महशुस गर्नुपर्छ। अनि तपाईंले तुरन्तै यस बानीलाई त्याग्नुपर्छ र तपाईंलाई साथ दिने समूहसँग सङ्गत गर्नुपर्छ ताकी तपाईं फेरि त्यहि बाटोमा नचिप्लिउन्। सतर्क हुनुहोस् र जुवा खेल्नै वातावरणदेखि अलग हुनुहोस्। अझ अत्यन्त महत्वपूर्ण कुरो त, दैनिक रूपमा बाइबल पढ्नुहोस्। प्रार्थना गर्नुहोस्। तपाईं यस समस्यसँग संघर्ष गरिरहुनभएकोछ भने परमेश्वरका प्रतिज्ञाहरूलाई आत्मसात् गर्नुहोस् र तपाईंको समस्याबाट राहत पाउन प्रार्थना गर्नुहोस्।

तपाईंलाई कसैले यो भन्ला रे तपाईंले के भन्नुहुन्छ?: "म जुवा खेल्ने जालमा पसिसकेको छु। म त छोड्न नै सक्दिन।"। त्यसलाई बाइबलका कुन प्रतिज्ञाहरूलाई देखाएर उत्साह दिन सक्नुहुन्छ? हेर्नुहोस्: १ कोरन्थी १०:१३ र १ पत्रुस ४:१,२।

## ४. पैसाको मोह (हितोपदेश ३०:८,९)

मानिससँग कति पैसा हुनुपर्दछ वा कति कमानउनुपर्दछ भनेर बाइबलले सिमित गरेको छैन। तर पैसाप्रति गलत धारणा राख्ने, त्यसको मोह र लोभमा नफस्न हामीलाई निर्देशन दिएको छ। पैसाप्रति गलत धारणा राख्दा मानिसहरू त्यसमा फस्न सक्दछन् र साथै धनसम्पति जोड्न तँछाडमछाड पनि गर्छन्। पैसा अर्थात सम्पत्ति थुपार्न मानिसहरू यस्तो तल्लिन हुनसक्छन् कि यसले धेरै समयपनि लिन्छ र तिनीहरू हाम्रो देवता नै हुनसक्छन् (नेपालमा त लक्ष्मी भनेर पैसालाई पूजा नै गर्दछन्)।

पैसाको मोहलाई प्रार्थमिकता दिन बिभिन्न बिद्युतिय संचार जस्तै रैडियो, टेलिभिजन र कम्प्युटरले अत्यन्त टेवा दिइरहेकाछन्। यसको फलस्वरूप पैसाको पछिमात्र लाग्नाले यो अम्मल नै हुनपुगेको पनि देखिएको छ। आजभोली इन्टरनेटबाट पैसाको लगानी गर्न सक्छन्। यसले गर्दा मानिसहरू घन्टौंसम्म कम्प्युटरमै टाँसिन बाध्यभएका छन्।

किनभने बढि पैसा कमाउन तलतल बसिसकेको हुन्छ। यसको अर्थ यो होइन कि हामीले होशियार र बुद्धिमतापूर्णशैली अपनाएर पैसा लगानी गर्नुहुन्न।

आर्थिकलोभमा नफस्न हामीलाई कस्तो चेतावनी दिएका छन्, हेर्नुहोस्ः मर्कूस १०:१७-२७, १ तिमोथी ६:१० र लूका १२:१५?

"अनुहार उदासिलो देखियो वा खस्यो" र "खिन्नभएर ऊ गयो" (मर्कूस १०:२२) भन्ने वाक्यहरूले हामीलाई यो बुझाउँछन्, त्यो मानिसको धनसम्पत्ति धेरै थियो र परमेश्वर (येशू)प्रतिको प्रेम भन्दा धनसम्पत्तिको प्रेम वा मोह अत्यन्त ठूलो थियो। धेरै धनसम्पत्ति जग्गाजमिन हुनु न त आफैमा राम्रो छ न त आफैमा नराम्रो छ। तर हाम्रो मन कहाँ छ, त्यसमा भरपर्दछ (मत्ती ६:२१)। यदि हामीले परमेश्वर, उहाँको राज्य र धार्मिकता अर्थात् भलो हुने चाहनाको सट्टा पैसाकै लोभ मोहमा फस्यौं भने त्यो हाम्रो निम्ति पासो र खतरा हुनसक्छ (पद ३३)।

बेलायतको लिभरपुलबाट चनुङ्गा जहाज अमेरिकामा जाँदै थियो। त्यसबेला समुद्रको बाटोमा जर्मनको हामवर्ग भन्ने स्थानबाट आइरहकै ईडुना नाम गरेको एउटा सानो जहाजमा चनुङ्गा ठोक्किन पुगे (१८ सेप्टेम्वर, सन् १८४७)। त्यो सानो जहाज दुईसय चार जना यात्रुहहरूले भरिएका थिए। त्यसमा प्रायजसो उद्योगपतीहरू थिए। तिनीहरू अमेरिकाको न्युयोर्कमा आफ्ना नयाँ भविष्यको निम्ति जर्मनबाट आश्रय लिन आएका थिए। ईडुना ठोकेको आधा घन्टैमा त्यो डुव्न थाल्यो। चनुङ्गा जहाजबाट लाइफ बोट अर्थात् मानिसहरू नडुवोस भनेर साना साना नाउहरू खसाले। अनि कति मानिसहरू ती नाउहरूमा चढे। तर दुईसय पाँचमा केवल ३४ जना मात्र बाँचे। किन त? प्रायजसो सबैले सुन र चाँदीले लादिएका पेटीहरू कम्मरमा कसेका थिए। आफ्ना सम्पत्तीलाई छोडेर ज्यान बचाउनुको सट्टा तिनीहरू सुनचाँदीको भारसँगै पानीमै डुवेर मरे।

रुपैयाँ पैसाको खाँचो वा आवश्यकता कस्लाई छैन र? तर हामीमा जिज्ञासा त यो हुनुपर्दछ, "के पैसाको चाहनाले मलाई नियन्त्रणमा राख्ने कि त्यसलाई मैले नियन्त्रण गर्ने?"

## ५. व्यक्तिगत रूप (१ पत्रुस ३:३,४)

"केशका शृङ्गार, सुनको गहनापात र राम्रो वस्त्र लगाएर तिमीहरूले बाहिरी सिङ्गारपटार नगर। तिमीहरूको भित्री हृदयलाई भलो र शान्त आत्माको अबिनाशी रत्नले सजाओ, जो परमेश्वरको दृष्टिमा सार्है मूल्यवान छ।" १ पत्रुस ३:३,४। समाजले चाहने रूप र पत्रुसले अनुरोध गरेका रूपमा के फरक छन्? यसले हामीलाई के सिकाउँदछ?

व्यक्तिगत बाहिर रूपलाई समाजले धेरै मूल्यवान ठान्दछ। सारा मानव इतिहासमा यो कमजोरीले मानिसहरूलाई सास्ती दिएको हामी पाउँछौं। युवा युवतीलाई सुन्दर बनाउने, व्यक्तिगत देखावतीलाई आकर्षित बनाउन अनेकन् उद्योगहरू लागेका छन्। यसमा ठूलो लगानी भइरहेकाछन्। विश्वभरी शृङ्गारका उद्योगहरू यति धेरै छन् कि खानेकुराको ब्यापार गर्ने बजारका आधी ठाउँहरू यसले ओगटेकाछन्। यसको साथै आफ्ना शरीरलाई मजबुट बनाउने व्यायामका विभिन्न उपकरणहरू, अनुहार सजाउने, नक्कली कपाल बा कपाल प्रत्यारोपण गर्ने, चाउरी परेको अनुहारलाई प्लास्टिक सर्जरीद्वारा राम्रो बनाउने, मोटो नहोस भनेर विशेष खाना खाने आदिमा मानिसहरूले करोडौं खर्च गरिरहेका हुन्छन्। यी सबै कुरा अरूलाई राम्रो देखाउनको निम्ति गरिन्छ।

साँच्चै भनौं भने असाध्य सुन्दर वा सुन्दरी बन्ने ठूलो चाहना अम्मल जस्तो पनि हुनसक्छ। कोहि मानिसहरू व्यायाम गर्ने मात्र लतमा लागेका हुन्छन्। कतिपय मानिसहरू विशेष गरेर युवतीहरू पातलो हुन थोरै खान्छन् र यतिसम्म की तिनीहरूले आफूलाई चाहिने खाना नखान्दा शरीरलाई हानी पनि पुऱ्याइरहेका हुन्छन्। (कतिले त यो मेरो शरीर त हो नी यसलाई माया गर्नुपर्छ भनेर स्वस्थ अस्वस्थ खानाहरू खाएकै खाए गरेर मोटो पारेर ढेँढु बनाउँछन्)। कतिले अनुहारको छाला भर्खरको बनाउन र कपाललाई राम्रो पार्ने अत्यधिक समय बिताउँछन्। आफूलाई मनमोहक वा आकर्षित बनाउन कहिलै पनि अन्त्य नहुने प्रक्रियाको निम्ति मानिसहरूले धेरै रकमहरू खर्च गरिरहेको पाउँछौं।

अहिलेसम्म हामीले गरेका छलफललाई मध्यनजर हालेर हेर्दा मत्ती ६:१९-२१लाई कुन दृष्टिकोणले हेर्नुहुन्छ? येशूले भन्नुभएको अर्तिनिर्देशनलाई हामीले कसरी हाम्रो मार्गदर्शक बनाउनसक्छौं?

फूर्तिलो, स्वस्थ, सफा र राम्रो देख्नु आफैमा गलत होइन। तर जीवनको मूल्य नै यसैमामात्र ध्यान दिनु हो भने यो हाम्रो निम्ति देवता नै हुनसक्छ। स्वर्गमा धनसम्पत्ति थुपार भनेर येशूले हामीलाई भन्नुभएको छ। यसको निम्ति यस संसारमा अनित्यको निम्ति र परमेश्वरको राज्यबाट टाडा राख्ने थोकहरूलाई हामीले हाम्रो जीवनको प्राथमिकता दिनुहुँदैन। हामी जतिसुकै राम्रो जीउ वा अनुहार भएपनि समय र कालले ती बिलाएर जानेछन्। हाम्रा छालाहरू चाउरी पर्नेछन् र लत्रिने छन्।

हो, परमेश्वरले हामीलाई यस पृथ्वीमा भएका श्रीसम्पत्ती हाम्रो रेखदेखमा छोड्नुभएको छ। त्यसरी नै हाम्रा शरीरहरू पनि हिफाजत गर्न उहाँले सम्पत्तिको रूपमा हामीलाई दिनुभएको छ। तर यसको निम्ति अत्यन्त धेरै समय वा पैसा खर्च गर्नाले यो हाम्रो जीवनको मूर्ति वा देवता बन्नसक्छन्। कुन हदसम्म हामी जानुपर्छ वा पर्दैन भन्ने कुरा थाहा पाउन सधैं सजिलो त छैन। परन्तु, हामी सबै यस कुरामा चनाखो भएर बस्नु नै हाम्रो निम्ति हितकर हुन्छ।

तपाईंको चर्चले युवायुवतीहरूलाई यसको बारे कस्तो बातावरण सृजना गरिरहेको छ? हाम्रो केन्द्रविन्दु के हो? रहस्यमय तरिकाले हामीले कस्तो सन्देश हामीले हाम्रा युवायुवतीहरूलाई दिइरहेका छौं? यसबारे सोच्नुहोस्।

**उपसंहारः**

<u>थप जानकारी:</u> "बोलीवचन र व्यवहारले हाम्रा हृदयका कुराहरूलाई स्पष्ट रूपमा देखाउँदछन्। घमन्डी, स्वार्थी र व्यर्थमा चासो राख्ने मानिसहरूले अनेक किसिमका लुगाफाटा फेशन, अनुहार राम्रो पार्ने जस्ता कुराहरूमा वढि ध्यान दिएका हुन्छन्। तिनीहरूले येशू र परमेश्वरको राज्यको बारेमा कुरो गर्न वा ध्यान दिन फुर्सदै हुँदैन। ईर्ष्यालु मानिसहरूले आफ्ना बोलीवचन र कामबाट उनीहरूका स्वभाव देखाउँदछन्। यी मानिसहरू अरूसँग दाँज्दछन् र अरू जस्तै हुन

खोज्दछन्। यिनीहरू आफूभन्दा माथि उक्लिन्दैनन्। आफ्ना कमिकमजोरी र अरूको गलतले गर्दा आफ्नो कर्म फुटेको भनेर जीवनलाई अर्थपूर्ण बनाउन चाहन्दैनन्। उनीहरू मक्कैको सट्टा भुसहरू आफ्ना शरीरमा खाँडिरहेकाहुन्छन्। आफ्ना अपवित्र भावनाहरूलाई पोसाइरहन्दा तिनीहरू आत्मिक रूपमा पुड्के भइरहेकाहुन्छन् र यस स्थितिमा आफूलाई पारिरहन्दा तिनीहरूले सैतानलाई रिझाइरहेकाहुन्छन्। कतिपय मानिसहरूले खानेकुरा, पिउने कुरा र लाउने कुरामा चिन्ता गरिरहेकाहुन्छन्। भौतिक कुराहरूमा मात्र अत्यन्त चिन्ता फिक्री गर्नुको अर्थ तिनीहरू स्वार्थी भावनाले अभिप्रेरित भइरहेका छन् भनेर देखाउँदछन्। तिनीहरूले येशूको यो वचनलाई बिर्सेकाहुन्छन्: 'परमेश्वरको राज्य पहिला खोज। उहाँले के चाहनुहुन्छ, सो गर। अनि तिमीलाई यी सबै थोक दिइनेछन्।' (मत्ती ६:३३ रूपान्तरित)। एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली १, पृ. ५००।

**चिन्तनमनन:**

क. पाँचौं बुँदाको प्रश्नमा चिन्तन गर्नुहोस्

ख. कतिपय मानिसहरू बिभिन्न अम्मल खाएर आफ्नो जीवनसँग संघर्ष गरिरहेकाहुन्छन्। तिनीहरूलाई आलोचना नगरि तिनीहरूको समस्यामा कसरी संवेदनशील हुने? अरूलाई दोष लगाउन सजिलो छ, तर हामीले यसमा के सजग अपनाउनुपर्दछ?

ग. कतिपय अम्मलहरू सामाजिक रूपमा स्विकार्य हुन्छन्। यसले गर्दा ती झन खतरा हुन्छन्। धन कमाउने, पद पाउने, अधिकार, शक्ति देखाउने जस्ता अम्मलहरूका औषधी के छ र? फेरि हाम्रो जीवनशैली अरूको रायमा भर नपर्न पनि हामी कतिको सतर्कता अपनाउनुपर्दछ?

घ. अम्मल वा तलतल लाग्ने कुरामा तपाईंपनि नराम्रोसँग फसिरहनुभएको होला, र साथै अरूपनि होला। तर के यस्ता केहि छन् जसबाट प्रभुले

हामीलाई मुक्त गर्नसक्नुहुन्न? यदि छैन भने परमेश्वरलाई हाम्रो जीवन नसुम्पि ती अम्मलमा किन आत्मसमर्पण गर्ने मानौं त्यसबाट छुटकारा पाउन असम्भव छ? यदि येशूलाई हाम्रो जीवनमा आउन दियौं भने हामी बिजयी जीवन बिताउन सक्छौं, तर त्यसको निम्ति चाहिने अचुक औषधी के हो त? हेर्नुहोस्, लुका ९:२३।

ङ. अम्मलसँग संघर्ष गरिरहनेको निम्ति तपाईंको स्थानिय चर्चमा केहि कार्यक्रम छ की? यस कुरामा आवश्यक हुनेहरूक निम्ति तपाईंको स्थानिय चर्चले के गर्न सक्दछन्? यस्तो समाजको उत्थान गर्ने काममा समावेश भयौं भने प्रभुको सुसमाचार फैलाउन किन सजिलो हुनसक्छ?

च. १ पत्रुस ४:१,२मा परमेश्वरको सन्देश हामीलाई के छ? पापपूर्ण अम्मल वा कुलतलाई जित्न यी पद अनुसार हाम्रो भूमिका के हुनुपर्दछ?